फोन :- ०६९-५२०१६२

प्रदेश सरकार

उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग विकास समिति

गण्डकी प्रदेश, म्याग्दी

प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग विकास समिति गण्डकी प्रदेश, म्याग्दी

## विषय :- सूचना । सूचना ॥ सूचना ॥

**(प्रथम पटक सुचना प्रकाशित मिति २०७५।०९।२७ )**

घरेलु तथा साना उद्योग विकास समिति म्याग्दीको चालु आ.व.०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस जिल्लामा दर्ता भई सक्रियरुपमा सञ्चालित लघु,घरेलु तथा साना उद्योगलाई अझबढी प्रभाकारी वनाउन आवश्यक मेशीन औजार तथा उपकरण प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत अधिकतम रु १,००,०००।-(एक लाख)सम्मको मेशीन औजार ८० प्रतिशत छुट मुल्यमा उपलब्ध गराई उद्योग प्रवर्द्धनमा सहयोग गरिने हुदाँ इच्छुक उद्यमीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र अनिवार्य रुपमा तपशिलमा उल्लेखित कागजातसहित यस कार्यालयवाट प्राप्त हुने निवेदनको ढाँचा अनुसारको निवेदन फाराम भरी रु १०० यस कार्यालयमा वुझाएको नगदी रसिद संलग्न राखी रितपुर्वकको निवेदन दिनुहुन अनुरोध छ ।साथै म्याद नाघी आएको र रित नपुगेको निवेदनलाई उपरोक्त कार्यक्रममा समावेश नगरिने ब्यहोरा जानकारी गराउदै यस सम्वन्धि थप जानकारी चाहिएमा यस कार्यालयको फोन नः ०६९-५२०१६२ मा कार्यालय समयमा सम्पर्क राख्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल :

पेश गर्नु पर्ने कागजातहरु :

१.उद्यमीको नागरिकताको प्रतिलिपि

२.उद्योग दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि

३.स्थायी लेखा दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपिहरु

५.उद्योगको ब्यावसायिक परियोजना (स्किम)

प्रस्ताव मुल्यांकनका आधारहरु :

तालिम लिई संचालन गरेका उद्योग ब्यवसायहरु,उद्योग दर्ताको अवधि,फर्ममा प्रयोग गर्ने कच्चा पदार्थ,जनशक्ति,उद्योगको दिगोपना,उद्योगको स्वामित्व,उत्पादित वस्तुको स्थानिय उपभोगको आधार र भौगोलीक क्षेत्र ।

**नोटः यो सुचना मिति २०७५।०९।२७ गतेको रिखार राष्टिय दैनिकमा समेत प्रकाशन गरीएको छ ।**